# काठमाण्डौ फरेष्ट्री कलेज
# KATHMANDU FORESTRY COLLEGE

स्थापना: २०६२ (Estd: 2005)

VAT: 302402302
Company Regd. No.: 972/2063/064

Ref. No.: २०८३/०८४

मिति: २०८३/०५/२२

## फरेस्ट्री स्नातक तहमा भर्ना सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा, श्री वन विज्ञान अध्यन संस्थान डीनको कार्यालय, काठमाण्डौले शैक्षिक सत्र ०८३/०८७ को लागी वन विज्ञान अध्यन संस्थान बाट मिति २०८३/०५/२१ गते लिइएको प्रवेश परीक्षाको उत्तीर्ण परिक्षार्थीहरुको प्रकाशित नतिजा बमोजिम उत्तीर्ण भएका यस कलेजमा अध्ययन गर्ने इच्छुक विध्यार्थीहरुलाई २०८३/०५/२८ गते भित्र अनलाइन (फारम संलग्न छ) वा भौतिक निवेदन दिन यो सूचना प्रकाशित गरिएको छ. निवेदन दिएका उम्मेद्वार मध्ये प्रवेश परीक्षा को नतिजाको योग्यताक्रम अनुसार यस कलेजलाई प्राप्त कोटामा मिति २०८३/०५/३० गते भर्ना हुने उम्मेद्वारको प्रथम सूची प्रकाशित गरिने छ ।

भर्ना हुन आउने विद्यार्थीहरुले प्रथम किस्ता बापतको शुल्क रकम रु ८१,७५०/- (एक्कासि हजार सात सय पचास मात्र) रकम यस काठमान्डौ फरेस्ट्री कलेज लिमिटेडको नाममा नबिल बैंक लिमिटेड मा रहेको कल खाता नं. ५००६०१७५०००० ६ मा वा कलेजको QR मार्फत मिति २०८३/०६/०५ गते दिनको ३ बजे भित्र जम्मागरी अपरान्ह ४ बजे भित्र रकम जम्मा गरेको सक्कल भौचर साथ कलेजको लेखा शाखामा सम्पर्कगरी भर्ना भई सक्नु पर्नेछ ।

### भर्नाका अन्य शर्तहरु निम्नानुसार छन्

१. भर्नाहुन आउँदा सम्पुर्ण शैक्षिक प्रमाणपत्रहरुको सक्कल र १ सेट फोटोकपी, नागरिकता प्रमाणपत्रको सक्कल र फोटोकपी तथा ४ थान पासपोर्ट साइज फोटो साथमा लिई उम्मेद्वार आफै उपस्तिथ हुनु पर्नेछ । उत्तीर्ण भएकाहरुले सक्कल माइग्रेसन र प्रोभिजनल प्रमाणपत्र समेत पेश गर्नुपर्ने छ ।

२. तोकिएको म्यादभित्र उपरोक्त बमोजिम भर्ना हुन नआएमा नीज उम्मेद्वारको सट्टा रोलक्रमका अन्य उम्मेद्वारलाई भर्ना लिइनेछ ।

३. नियमानुसार भर्ना भएका विद्यार्थीले कारणवश प्रथम सेमेस्टरको कक्षा संचालन सुरुहुनु पूर्व भर्ना रद्ध गर्नु भएमा प्रिन्सिपल समक्ष स्पष्टिकरण खुलाई निवेदन पेश गर्नुपर्ने छ । निवेदन स्वीकृत भएमा भर्ना शुल्क रु ४,०००/- र क्यापिटेसन शुल्क रु ३५,०००/- निजले बुझाएको रकममा कट्टा गरी बाकी रकम फिर्तागरी भर्ना रद्ध गर्न सकिने छ । कक्षा शुरु भईसके पछि भर्ना रद्ध गर्न कलेज प्रशासन बाध्य हुने छैन ।

४. प्रथम सेमेस्टरको कक्षा संचालन को जानकारी पछि अर्को सूचना बाट गराईने छ ।

**नोट:** QR कोड तथा अनलाइनवाट भुक्तानी गर्दा Remarks मा अनिवार्य विद्यार्थीको नाम उल्लेख गर्नु पर्ने छ ।

Acting Principal

चन्द्रागिरी नगरपालिका-८, मातातीर्थ, काठमाण्डौ, पोष्ट बक्स नं. १२७६, फोन नं.: ९७७-१-५१४७२११, फ्याक्स: ९७७-१-५१४७०४६
Chandragiri Municipality-8, Matatirtha, Kathmandu, Nepal, P.O. Box: 1276
Tel: 977-1-5147211, Fax: 977-1-5147046, Email: mail@kafcol.edu.np, Web: kafcol.edu.np

# काठमाण्डौ फरेष्ट्री कलेज
# KATHMANDU FORESTRY COLLEGE

स्थापना: २०६२ (Estd: 2005)

VAT: 302402302
Company Regd. No.: 972/2063/064

Ref. No.: २०८३/०८४




निमित्त प्रिन्सिपल

लिना साह

Acting Principal

चन्द्रागिरी नगरपालिका-८, मातातीर्थ, काठमाण्डौ, पोष्ट बक्स नं. १२७६, फोन नं.: ९७७-१-५१४७२११, फ्याक्स: ९७७-१-५१४७०४६
Chandragiri Municipality-8, Matatirtha, Kathmandu, Nepal, P.O. Box: 1276
Tel: 977-1-5147211, Fax: 977-1-5147046, Email: mail@kafcol.edu.np, Web: kafcol.edu.np